# नीति अनुसन्धान प्रतिष्ठान
# Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)


प.सं. :–
च.नं. :–

मिति :–

## प्रेस विज्ञप्ति

**भोटेकोशी बाढी पीडितहरूको लागि नीति अनुसन्धान प्रतिष्ठानका कर्मचारी र इण्टर्नहरूको सहयोग।**

नीति अनुसन्धान प्रतिष्ठानमा कार्यरत सम्पूर्ण कर्मचारी र इण्टर्नहरूले भोटेकोशी बाढी पीडितहरूको उद्धार तथा राहतको लागि आफ्नो भदौ महिनाको तलवबाट जम्मा रू. ५,१६,७३१ (पाँच लाख सोह्र हजार सात सय एकतीस मात्र) सहयोग गरेका छन्। यो रकम कर्मचारी र इण्टर्नहरूको तलववाट स्वेच्छाले गरेको सहयोगवाट जम्मा भएको हो।

यो रकम बाढीपीडितहरूको सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ।

नीति अनुसन्धान प्रतिष्ठान परिवार भोटेकोशी नदीमा आएको विनासकारी वाढीमा परी दुखद निधन भएका सम्पूर्ण मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। साथै, यस विपत्तिमा घाइते हुनुभएका सवैजनाको शीघ्र स्वास्थ्यलाभको कामना पनि व्यक्त गर्दछ।

विपत्तिको यस घडीमा पीडितहरूको उद्धार तथा राहत कार्यमा नीति अनुसन्धान प्रतिष्ठान परिवार नेपाल सरकार, निजी क्षेत्रलगायत सवैप्रति ऐक्यबद्धता प्रकट गर्दछ।

नीति अनुसन्धान प्रतिष्ठान
नारायणहिटी, काठमाडौं।
२०८३/०६/०५ गते